



# नेपाल राष्ट्र बैंक समाचार

वर्ष ४९ | अङ्क ३ | मङ्सिर २०८१ | नोभेम्बर–डिसेम्बर २०२४


# गभर्नर अधिकारी आईएमएफ-विश्व बैंक समूहको वार्षिक बैठकमा सहभागी




imf.org

गभर्नर महाप्रसाद अधिकारी २०८१ कात्तिक ५ देखि १० गतेसम्म संयुक्त राज्य अमेरिकाको वासिङ्टन डीसीमा आयोजित अन्तर्राष्ट्रिय मुद्रा कोष र विश्व बैंक समूहको 'वार्षिक बैठक-२०२४' मा सहभागी हुनुभयो।

उक्त कार्यक्रममा कोष र समूहका सदस्य राष्ट्रका अर्थमन्त्री, केन्द्रीय बैंकका गभर्नर र वित्त तथा मौद्रिक अधिकारीहरूको सहभागिता थियो। त्यस क्रममा सञ्चालित प्लेनरी बैठकमा उप-प्रधानमन्त्री एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेलले नेतृत्व गर्नुभएको नेपालको टोलीमा गभर्नर अधिकारी र अर्थ सचिव डा. रामप्रसाद घिमिरेको समेत सहभागिता थियो। उक्त प्लेनरीको अध्यक्षता माल्दीभ्स मनिटरी अथोरिटीका गभर्नर अहमद मुनवारले गर्नुभयो भने अन्तर्राष्ट्रिय मुद्रा कोषका प्रबन्ध निर्देशक क्रिष्टालिना जर्जिभा र विश्व बैंक समूहका अध्यक्ष अजय बाङ्गाले मन्तव्य राख्नुभएको थियो। सो अवसरमा उहाँहरूले बेट्रन उड्स सम्मेलनको ८० वर्षका उपलब्धि, सो अवधिमा विश्व अर्थतन्त्रमा देखिएका उतारचढाव र तिनलाई सम्बोधन गर्न बैंक र कोषबाट भएका प्रयासबारे चर्चा गर्नुभएको थियो।

बैठकका क्रममा गभर्नर अधिकारी '54th Joint Governors' Meeting of IMF-WB South East Asia Constituency' मा सहभागी हुनुभयो। साथै उहाँले कोषका उप-प्रबन्ध निर्देशक बो ली, Asia Pacific Department (APD), Monetary and Capital Market Department (MCM), Legal Department, South East Asia Voting group (SEAVG), Safeguard Assessment का पदाधिकारीहरूसँग छुट्टाछुट्टै भेटवार्तासमेत गर्नुभयो। बैठक र भेटवार्ताका क्रममा नेपालले कोषबाट लिएको विस्तारित कर्जा सुविधाअन्तर्गतका कार्यक्रमको प्रगति समीक्षा र भावी कार्ययोजनाबारे छलफल भएको थियो।



वार्षिक बैठकको क्रममा आयोजित '44th SAARCFINANCE Governor's Meeting' मा समेत गभर्नर अधिकारी सहभागी हुनुभयो। यसै गरी, Alliance for Financial Inclusion (AFI) अन्तर्गत गठन भएको SARFII को अध्यक्षता नेपालले गरिरहेको सन्दर्भमा गभर्नर अधिकारीले SARFII का उपाध्यक्ष स्टेट बैंक अफ पाकिस्तानका गभर्नर जमिल अहमदसँग पनि क्षेत्रीय स्तरमा भुक्तानी प्रणाली विकासमा गर्न सकिने सहकार्यका विषयमा छलफल गर्नुभएको थियो। बैठककै क्रममा गभर्नर अधिकारीले अन्तर्राष्ट्रिय वित्त निगम र निजी क्षेत्रका विभिन्न संस्थाका प्रतिनिधिसँग पनि भेटवार्ता गर्नुभएको थियो। बैठकमा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्ट र गभर्नरको कार्यालयका सहायक निर्देशक पुष्पचन्द्र खनालको समेत सहभागिता थियो।

हाल विश्व बैंक समूहअन्तर्गत १८९ राष्ट्रहरू आबद्ध छन् भने अन्तर्राष्ट्रिय मुद्रा कोषमा १९१ राष्ट्रहरू सम्मिलित छन्। ■

# सहकारी संस्थाहरूसँग अन्तरक्रिया



वित्तीय जानकारी इकाइले कात्तिक २८ गते काठमाडौंमा सहकारी संस्थाहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।

सम्पत्ति शुद्धीकरण निवारण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण तथा गो-एएमएल प्रणालीमा सहकारी संस्थाको आबद्धता र नियमित रिपोर्टिङका सम्बन्धमा इकाइले उक्त कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग, प्रदेश सहकारी विभाग, काठमाडौं र ललितपुर महानगरपालिकाका सहकारी विभाग, राष्ट्रिय सहकारी महासंघ लिमिटेड, राष्ट्रिय सहकारी बैंक लिमिटेड, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड, नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघ लिमिटेड, नेपाल कृषि सहकारी केन्द्रीय संघका प्रतिनिधिसहित ४० भन्दा बढी सहकारी संस्थाका प्रतिनिधि/कार्यान्वयन अधिकारीहरूको सहभागिता थियो।

सो अवसरमा सहकारी विभागका रजिष्ट्रार पिताम्बर घिमिरेले सहकारी क्षेत्रमा सम्पत्ति शुद्धीकरण निवारणका लागि विभागबाट गरिएका अनुगमन र निरीक्षणले देखाएका कमजोरीलाई समयमै सुधार गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। साथै, गो-एएमएल प्रणालीमा आबद्ध भएर नियमित रिपोर्टिङ गर्न समेत उहाँले सहकारी संस्थाहरूलाई आग्रह गर्नुभयो। कार्यक्रमका राष्ट्रिय सहकारी महासंघ लिमिटेड, नेपालका वरिष्ठ उपाध्यक्ष रमेशप्रसाद पोखरेलले पारस्परिक मूल्याङ्कनमा औंल्याइएका सहकारी क्षेत्रका कमीकमजोरीलाई सुधार गर्न सहकारीकर्मीहरूलाई आह्वान गर्नुभयो।

कार्यक्रममा इकाइका प्रमुख वासुदेव भट्टराईले छोटो अवधिमै धेरै सहकारी संस्थाहरू गो-एएमएल प्रणालीमा जोडिएको उल्लेख गर्दै थप संस्थालाई समेत यसमा आबद्ध हुन आग्रह गर्नुभयो। कार्यक्रममा विभागका उप-रजिष्ट्रार टोलराज उपाध्यायले सहकारी संस्थाले पालना गर्नुपर्ने सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानुनी तथा नियामकीय प्रावधानबारे कार्यपत्र प्रस्तुत गर्नुभयो। यसै गरी, इकाइका सहायक निर्देशक कमल पौडेलले गो-एएमएल प्रणालीमा आबद्धता र रिपोर्टिङ प्रक्रियाबारे दोस्रो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

सो अवसरमा इकाइका उप-निर्देशक केशवप्रसाद रिमालले स्वागत मन्तव्य राख्दै कार्यक्रमको औचित्य र पारस्परिक मूल्याङ्कनले गरेको दिशानिर्देशका सम्बन्धमा प्रकाश पार्नुभयो भने सहायक सृजना न्यौपाने गर्तौलाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# वित्तीय जानकारी इकाइ र एफआईएनसी बहराइनबीच समझदारी

वित्तीय जानकारी इकाइ र बहराइनको द फाइनान्सियल इन्टेलीजेन्स नेसनल सेन्टर (एफआईएनसी)बीच सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी र सम्बद्ध कसुरसम्बन्धी सूचना र जानकारी आदानप्रदान गर्ने समझदारी भएको छ।

दुई निकायबीच कात्तिक २८ गते सोसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको हो। समझदारीपत्रमा इकाइका प्रमुख वासुदेव भट्टराई र एफआईएनसीका प्रमुख कार्यकारी शाइखा मई बिन्ट मोहमम्द बिन खलिफा अल खलिफाले हस्ताक्षर गर्नुभएको छ। ■

# उदयपुर र लमजुङमा वित्तीय साक्षरता कार्यक्रम



वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखाले असोज ११ गते उदयपुरको गाइघाटमा वित्तीय साक्षरता कार्यक्रम आयोजना गऱ्यो।

साना तथा मझौला उद्यमी, स्थानीय महिला, शिक्षक, विद्यार्थी, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिको सहभागितामा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो। सो अवसरमा महाशाखाका उप-निर्देशक टेकराज भण्डारीले बचत, लगानी, कर्जा, ब्याज, वित्तीय अनुशासन, बीमा, विप्रेषण, पुँजी बजार, डिजिटल कारोबारसम्बन्धी आधारभूत ज्ञानसँगै गुनासो व्यवस्थापन लगायतका विषय समेटेर वित्तीय साक्षरतासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो। कार्यक्रममा सहभागी सात वटा समूह निर्माण गरी बचत, कर्जा र साक्षरतासम्बन्धी विषयका आधारमा सामूहिक कार्यशालासमेत आयोजना गरिएको थियो।

कार्यक्रममा वित्त व्यवस्थापन विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले सहभागीबाट राखिएका जिज्ञासाको जवाफ दिँदै वित्तीय साक्षरताका विविध पक्षबारे चर्चा गर्नुभयो। सो अवसरमा विराटनगर कार्यालयका सहायक निर्देशक दीपिका उप्रेतीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो भने महाशाखाका सहायक सन्तोष पनेरुले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

यसै गरी, महाशाखाले कात्तिक १२ गते लमजुङको सुन्दरबजारमा वित्तीय साक्षरता कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रममा स्थानीय व्यवसायी, महिला, युवा, शिक्षक, विद्यार्थीलगायतको सहभागिता थियो।

सो अवसरमा महाशाखाका उप-निर्देशक इन्द्रत्रिविक्रम पहारीले वित्तीय साक्षरताको अवधारणा, आधारभुत वित्तीय ज्ञान, व्यक्तिगत वित्त, बचत, ऋण, लगानी, ब्याजदर, बीमा, डिजिटल वित्तीय सेवा र सोको उपयोगिता, विद्युतीय भुक्तानीका विविध पक्षलाई समेटेर कार्यपत्र प्रस्तुत गर्नुभयो। कार्यपत्र प्रस्तुतिपश्चात् सहभागीलाई १० वटा समूहमा विभाजन गरी सामूहिक छलफल तथा कार्यशालासमेत सञ्चालन गरिएको थियो। कार्यक्रममा मानव संसाधन व्यवस्थापन विभागका कार्यकारी निर्देशक तुलसीप्रसाद घिमिरेले वित्तीय साक्षरताको महत्त्व, यसको फाइदा र चुनौतीबारे चर्चा गर्दै विप्रेषणबाट प्राप्त आयलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्न सहभागीहरूलाई आग्रह गर्नुभयो।


पोखरा कार्यालयका निर्देशक विना ढकाल पौडेलले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभयो महाशाखाका सहायक निर्देशक कृष्ण कार्कीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■



# नियुक्ति तथा पदस्थापन

खुला प्रतियोगितात्मक परीक्षामा उत्तीर्ण हुनुभएका २६ जनालाई सहायक निर्देशक (अधिकृत तृतीय श्रेणी) पदमा नियुक्त गरिएको छ। कात्तिक २५ गते नियुक्त हुनुभएका उहाँहरूको विभिन्न विभाग/कार्यालयमा पदस्थापन भएको छ।

जसअनुसार नरेन्द्रराज पनेरु, रामकृष्ण आचार्य, दीपक पराजुली र प्रवीण श्रेष्ठ आर्थिक अनुसन्धान विभाग, अञ्जली ओझा र सुमन मैनाली विदेशी विनिमय व्यवस्थापन विभाग, श्रीजा श्रेष्ठ वित्तीय समावेशिता तथा ग्राहक संरक्षण महाशाखा, विमला कुँवर संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभाग, अनुष्मा श्रेष्ठ, इच्छा चौहन र धरमेन्द्र पण्डित बैंकिङ विभाग, रेजिना भट्टराई मानव संसाधन व्यवस्थापन विभाग तथा विनोद भण्डारी र सितल चन्द सम्पत्ति तथा सेवा व्यवस्थापन विभागमा पदस्थापन हुनुभएको छ।




यसै गरी, अनिस श्रेष्ठ र प्रतिभा अर्याल सिद्धार्थनगर कार्यालय, सागर मालाकार सुर्खेत कार्यालय, रेम्बोकुमार पण्डित विराटनगर कार्यालय, अर्जुनबहादुर धामी धनगढी कार्यालय, वीरेन्द्र डीसी जनकपुर कार्यालय, रवि कनो जिया नेपालगञ्ज कार्यालय सुरक्षा सुवेदी र रन्जन तचामो वित्त व्यवस्थापन विभाग, रुकु पन्थी मुद्रा व्यवस्थापन विभाग तथा प्रतिभा शर्मा र सगिना खनाल कानुन महाशाखामा पदस्थापन हुनुभएको मानव संसाधन व्यवस्थापन विभागले जनाएको छ। नवनियुक्त सहायक निर्देशकहरूको पूर्व सेवाकालीन तालिम कात्तिक २५ देखि बैंकर्स प्रशिक्षण केन्द्र, भक्तपुरमा सुरु भएको छ। ■

# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाइले असोज २३ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। सो अवसरमा इकाइका प्रमुख दीर्घबहादुर रावलले यूएईको आबुधावीमा आयोजित APG Annual Meeting मा भएका छलफलको विषयलाई समेटेर आफ्नो अनुभव प्रस्तुत गर्नुभयो। कार्यक्रममा इकाइका उप-निर्देशक स्वरूप श्रेष्ठले लाट्भियाको रिगामा सम्पन्न goAML International User Group Meeting मा उठेका विषयबारे चर्चा गर्नुभयो। सो अवसरमा सहायक निर्देशक किशोर महराले शङ्कास्पद कारोबारसम्बन्धी





विश्लेषणमा कृत्रिम बौद्धिकता (एआई) को उपयोगिताबारे प्रयोगात्मक प्रस्तुति दिनुभएको थियो।

यसै गरी, सिद्धार्थनगर कार्यालयमा असोज ३० गते ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न भयो। सो अवसरमा कार्यालयका सहायक निर्देशक कृष्णप्रसाद भट्टराईले नेपालमा सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) र आतङ्कवाद क्रियाकलापमा वित्तीय लगानी निवारणका व्यवस्था, समस्या र चुनौतीका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। ■

# मौद्रिक नीतिको पाठ्यविश्लेषण



प्रदीपकुमार काफ्ले
सहायक निर्देशक

## पृष्ठभूमि

केही वर्ष अघिसम्म मौद्रिक नीतिबारे अनभिज्ञ जस्तै रहने सर्वसाधारण जनताले हिजोआज भने मौद्रिक नीति र यसका प्रत्येक त्रैमासिक समीक्षामाथि मिहीन नजर राख्न थालेका छन् । साथै, यस दस्तावेजले झल्काउने भविष्यको परिदृष्यबाट उनीहरूको आर्थिक क्रियाकलाप, जस्तैः लगानी, बचत, खर्च आदि धेरै मात्रामा निर्देशित हुन थालेको आभास हुन्छ । सेयर बजार मात्र नभएर २०८१ साउनको मौद्रिक नीतिपछि निर्माण क्षेत्र, व्यापार व्यवसाय, वित्तीय क्षेत्र, उत्पादन, सेवा, उद्योग क्षेत्र आदिमा तुलनात्मक रूपमा बढी उत्साह छाएको छ । त्यसै अनुरूप, हालसालै विश्व बैंकले नेपाल विकास अपडेटमार्फत गरेको प्रक्षेपणले आगामी दुई वर्षका लागी नेपालको आर्थिक वृद्दिदर ५.१ प्रतिशत र ५.५ प्रतिशत रहने देखाएको छ ।

यसरी मौद्रिक नीतिका पाठकहरू दिनानुदिन उल्लेख्य रूपमा बढ्दै गएका छन् । कोभिडको समयमा नेपाल राष्ट्र बैंकद्वारा धेरै व्यक्ति र व्यवसायलाई कर्जा सहुलियत र छुटजस्ता प्रावधानमार्फत उल्लेख्य मात्रामा राहत प्रदान गरेकाले पनि यसले ल्याउने नीतिगत दस्तावेजमा आमचासो बढ्दै गएको प्रतीत हुन्छ । तसर्थ, नेपाल राष्ट्र बैंकले प्रकाशन गर्ने मौद्रिक नीति भाषागत रूपमा कति सरल र सरस छन् भन्ने कुरा अध्ययन अनुसन्धानका निम्ति एउटा चाखलाग्दो विषय हो ।

## विकासक्रम

सन् १९९० पूर्व केन्द्रीय बैंकहरूले लिने नीतिहरू अति नै गोप्य राखिनुपर्छ भन्ने मान्यता स्थापित थियो । फलतः केन्द्रीय बैंकद्वारा सरोकारवालासमक्ष उति धेरै सूचना सम्प्रेषण गरिँदैनथ्यो । ती दिनहरूमा केन्द्रीय बैंकरलाई उनीहरू रहस्य, गोपनीयता र अस्पष्टता रुचाउँछन् भनेर उपहास गरिन्थ्यो (भाइद, २०१३; ब्लीन्डर इट अल, २००८) । अझ सन् १९८७ मा फेडेरल रिजर्भका अध्यक्ष एलन ग्रीनस्पानले त सो विषयको व्याख्या नै गरिदिए - 'म एक केन्द्रीय बैंकर भएपछि मैले असङ्गत ढङ्गले गनगन गर्न सिकेको छु । यदि तपाईंलाई लाग्छ कि तपाईं मलाई बुझ्दै हुनुहुन्छ भने सम्झनुस् तपाईं मलाई गलत बुझ्दै हुनुहुन्छ ।' यहाँ उनले भाषिक युक्तिको प्रयोग र जनतासँग सञ्चार गर्दा केन्द्रीय बैंकद्वारा सीमित सूचना मात्र सम्प्रेषण गर्ने पहिलेका केन्द्रीय बैंकहरूको अभ्यासलाई जनाएका हुन् ।

तर सन् १९९० को दशकमा केन्द्रीय बैंक स्वायत्तताको अभ्यासको थालनी भएपछि भने केन्द्रीय बैंकलाई पारदर्शी बन्नुपर्ने बाध्यात्मक स्थिति आयो । वैधताको सिद्धान्त (लेजिटिमेसी थ्योरी) अनुसार केन्द्रीय बैंकमा स्वायत्तताको अधिकारसँगै यथेष्ट रूपमा पारदर्शी हुनुपर्ने जिम्मेवारी पनि सिर्जना भयो । केन्द्रीय बैंकको मुख्य उद्देश्य मुद्रास्फीति नियन्त्रणका लागि स्वायत्तताका साथै पारदर्शिता पनि कायम गर्नुपर्ने भयो र अध्येताहरूले मौद्रिक नीतिको प्रभावकारी कार्यान्वयनका निम्ति उचित सञ्चारको महत्त्व दर्शाए । यस पृष्ठभूमिमा केन्द्रीय बैंकहरूले मौद्रिक नीति सार्वजनिक गर्न थालेका हुन् ।

सन् २००७/०८ मा विश्वले व्यहोरेको वित्तीय सङ्कटले पनि केन्द्रीय बैंकहरूको सुशासन र पारदर्शिताको सवाललाई अझ बल पुऱ्याएको छ । हालैको कोभिड महामारीमा विश्वका धेरै केन्द्रीय बैंकहरूले असामान्य उपकरणको प्रयोग गरे । यसकारण पनि केन्द्रीय बैंकका नीति र प्रयोग हुने गरेका उपकरणको सान्दर्भिकता जनतामाझ प्रष्ट पारिनुपर्ने कुरा वैद्यताको सिद्धान्तले प्रमाणित गर्दछ । तसर्थ, यस शोधमार्फत गरिएको केन्द्रीय बैंकद्वारा जारी मौद्रिक नीतिका दस्तावेजमाथिको भाषिक शोध चाखलाग्दो विषय रहेको छ । मौद्रिक नीतिको लम्बाइ, दायरा, भाव, भविष्यको विश्लेषण, भाषिक स्पष्टता अति सम्वेदनशील विषय हो । केन्द्रीय बैंकले वास्तवमा कति मात्रामा सूचना सम्प्रेषण गर्नुपर्छ त ? केन्द्रीय बैंकले भन्न खोजेका कुराको गलत अर्थ लागेमा यसले ठुलो आर्थिक क्षति निम्त्याउने भएकाले नीतिको भाषिक पक्षमा अत्यन्तै सजग रहनुपर्ने हुन्छ । यही संवेदनशीलतालाई ध्यानमा राख्दै बैंक अफ इङ्ल्याण्डले आफ्ना नीतिको भाषिक बनोटलाई बैंकको शोधको एक प्रमुख विषयमा राखेको छ ।

लुआङाराम र वोङ्वाचारा (२०१७) ले सन् २००० देखि २०१५ सम्म २२ वटा केन्द्रीय बैंकको मौद्रिक नीति वक्तव्यहरूमा सञ्चारको प्रकृतिबारे बुझ्नका लागि कम्प्युटेसनल भाषाविज्ञानका उपकरणको प्रयोग गरेका थिए । तीन प्रमुख पक्षहरू- पढ्न सजिलोपन, विषयवस्तुको सरलता र नीतिहरूको भाव अध्ययन गर्दा, केन्द्रीय बैंकको भाषा सामान्यतया उन्नत र पाठकलक्षित पाइयो । यसै गरी, बिनेट र चेबोटारेभ (२०१९) ले बैंक अफ क्यानडाको मौद्रिक नीति प्रतिवेदनको पाठ्यविश्लेषण गरेका थिए । त्यस अध्ययनले सार्वजनिक गरेका रिपोर्टहरू सामान्य क्यानडेली नागरिकका लागि बुझ्न अलि जटिल भएको औंल्यायो । कोएनन एट अल. (२०१८)ले एफके ग्रेड-स्तरको साङ्ख्यिकी प्रयोग गरेर युरोपेली केन्द्रीय बैंकका मौद्रिक नीति वक्तव्यहरूको अध्ययन गरे र ती मौद्रिक नीतिहरू बुझ्न सजिलो भएको निष्कर्ष



निकाले ।

यसै पङ्क्तिमा, टुमाला र ओमोटोशो (२०१९), नाइजेरियाका केन्द्रीय बैंकका कर्मचारीहरूले, २००४-२०१९ अवधिका ८७ नीतिको विश्लेषण गर्न 'टेक्स्ट माइनिङ' प्रविधिको प्रयोग गरे। उनीहरूले मौद्रिक नीतिको पारदर्शिता समयक्रमसँगै वृद्धि भएको तर कोलम्यान र लियु (१९७५) को सूचकाङ्कअनुसार नीति वक्तव्यहरूको शब्द र वाक्य संरचना जटिल हुँदै गएकाले नीतिको भाषिक सजिलोपन घटाएको देखियो। अध्ययनले औसत १०.५% को शुद्ध भावनात्मक स्कोर पत्ता लगायो, जसले नीति अनिश्चितताको स्तरलाई प्रतिबिम्बित गर्छ। यसै गरी, जापानको केन्द्रीय बैंकको सञ्चालक समिति बैठकका माइन्युट्सको भाषिक बनोट र त्यसको वित्तीय बजारमा प्रभावको अध्ययन ओशिमा र मात्सुबायाशीले (२०१८) गरेका थिए। यस अध्ययनले माइन्युट्समा उल्लेखित विषय र बजार प्रतिक्रियाबीच सम्बन्ध रहेको देखाएको छ। स्वीडेनको लागि एपेल र ग्रिमाल्डी (२०१२) ले मौद्रिक नीति बैठकका प्रकाशित माइन्युट्सको विश्लेषण गरे। उनीहरूले पाठमा आधारित हकनेसको सूचकाङ्क निर्माण गरी अध्ययन गर्दा स्वीडेनमा ब्याजदर बढ्ने कार्यहरू उच्च हकनेसको स्तरसँग सम्बन्धित भएको देखियो।

## अध्ययन विधि

हालसालै मात्र प्रकाशित अनुसन्धान 'A textual analysis of monetary policy' मा आधारित यस लेखमा 'टेक्स्ट माइनिङ' प्रविधिको प्रयोग गरिएको छ। नेपाल राष्ट्र बैंकले सन् २००३ बाट २०२२ सम्म जारी गरेका २० वटा अङ्ग्रेजी भाषाका मौद्रिक नीतिका दस्तावेजमाथि पाइथन नेचुरल ल्याङ्वेज टुलकिट प्रयोग गरी दस्तावेजको भाषिक संरचना विश्लेषण गरेको छ। नीतिको भाव, दायरा, लम्बाइ, स्पष्टता मापन गर्नका लागि लग्रान-मेकडोनल्ड शब्दकोषलाई आधार मानिएको छ। उक्त प्रविधिको प्रयोग यसपूर्व विभिन्न अध्ययनमा अन्तर्राष्ट्रिय रूपमा नै गरिएको थियो। तर, अङ्ग्रेजी भाषामा मात्र आधारित भाषिक अध्ययन हुनु यस अध्ययनको सीमा रहेको छ। नेपाली भाषामा प्रकाशित मौद्रिक नीतिको समेत अध्ययन गर्ने प्रयत्न गरिए तापनि विविध प्राविधिक कठिनाइले अध्ययनलाई अपुरो बनाएको छ। यद्यपि, अङ्ग्रेजी भाषामा प्रकाशित मौद्रिक नीतिको पाठकवर्ग बढ्दै गइरहेको परिप्रेक्ष्यमा यस अध्ययनको सान्दर्भिकता भने यथेष्ट देखिन्छ।

## नतिजा विश्लेषण

सर्वप्रथम, नेपाल राष्ट्र बैंकबाट सार्वजनिक गरिएका मौद्रिक नीतिका पाण्डुलिपिहरू पठनको

**मौद्रिक नीतिको लम्बाइ, दायरा, भाव, भविष्यको विश्लेषण, भाषिक स्पष्टता अति सम्वेदनशील विषय हो। केन्द्रीय बैंकले भन्न खोजेका कुराको गलत अर्थ लागेमा यसले ठूलो आर्थिक क्षति निम्त्याउने भएकाले नीतिको भाषिक पक्षमा अत्यन्तै सजग रहनुपर्ने हुन्छ।**

दृष्टिकोणले तुलनात्मक रूपमा सहज हुँदै गएको पाइएको छ। पहिले एक अङ्ग्रेजी वाक्यमा औसत २५ वटा शब्द रहने गरेकोमा हाल सो सुधार भई १८ वटामा झरेको छ। यस्तै, मौद्रिक नीतिको लम्बाइ पहिले ९० पृष्ठभन्दा बढी हुने गरेकोमा हाल औसत ४० पृष्ठको हाराहारीमा हुने गरेको छ। अमेरिकन प्रेस इन्स्टिच्युटको अध्ययनअनुसार एक वाक्यमा लगभग १४ वटा शब्द भयो भने पाठकले ९० प्रतिशतसम्म पढेका कुरा बुझ्दछन् र औसतमा ४३ वटा शब्द भयो भने १० प्रतिशत भन्दा पनि कम बुझ्छन्।

कुनै पनि दस्तावेज अधिक छोटो अथवा अधिक लामो हुनु राम्रो मानिँदैन। दस्तावेजहरू अधिक सानो भएमा सूचना पर्याप्त मात्रामा सम्प्रेषण नहुने जोखिम रहन्छ भने अधिक लामा नीतिहरू पठनका लागि असहज हुने भएर केही कुरा लुकाउनका निम्ति त्यसो गरिएको हुनसक्छ भनिन्छ। अर्थात्, धेरै लामा नीतिहरू पाठकलाई झुक्याउन प्रयोग हुनसक्ने भनेर अध्ययनहरूले औँल्याएका छन्।

यस्तै, मौद्रिक नीतिको भावका सम्बन्धमा औसत दुई किसिमको प्रवृत्ति देखिएको छ। आर्थिक रूपमा सङ्कटका वर्षहरूमा नीतिको औसत भाव नकारात्मक देखिएको छ। यहाँ भाव भन्नाले नीतिमा प्रयोग भएका सकारात्मक र नकारात्मक शब्दहरूको अनुपातको भिन्नतालाई लिइएको छ। आर्थिक रूपमा कमजोर प्रगति भएका वर्षहरूमा तत्तत् वर्षका नीतिको भाव नकारात्मक रहेको देखिएको छ। जति धेरै आर्थिक शिथिलता भयो, उति नकारात्मक शब्दहरूको प्रयोग बढी रहेको पाइएको छ।

यस्तै, राम्रो आर्थिक वृद्धि हासिल भएका वर्षमा औसत भाव सकारात्मक रहेको पाइयो। अर्थतन्त्र समस्यासँग गुज्रिरहेको समयमा नीतिले बढी सकारात्मक भाव प्रस्तुत गर्नुपर्दछ भन्ने स्थापित मान्यता छ। यो नेपाल राष्ट्र बैंकको हकमा मात्र नभएर बैंक अफ क्यानडाले गरेको अध्ययनमा समेत अर्थतन्त्रमा गहिरो चोट पुऱ्याउने गरी घटेका केही मुख्य आर्थिक घटनाहरू जस्तै: 'सेप्टेम्बर ११ को आतङ्क', विश्व वित्त सङ्कटले विश्वभरका मौद्रिक नीतिहरूको भाव नकारात्मक बनाउने गरेको देखाएको छ। अर्थतन्त्र शिथिल रहेको अवस्थामा आशाको सञ्चार गरेर अर्थतन्त्रलाई चलायमान बनाउने दायित्व केन्द्रीय बैंकको रहेको हुन्छ।

थप, यस अध्ययनमा मौद्रिक नीति कति भविष्यमुखी छ भन्ने विश्लेषण गरियो। र दस्तावेजको दूरदर्शिता मापन गर्ने सूचकाङ्क निर्माण गरियो। सो सूचकाङ्कअनुसार नेपालको मौद्रिक नीतिहरूको स्कोर ०.०१ देखि ०.०३३ को बीचमा रहेको पाइयो, जुन अन्तर्राष्ट्रिय रूपमा प्रचलित मानकको तुलनामा अलिक कम हो। नीतिहरूमा भविष्यका बारेमा जति पछाडिसम्मको चर्चा र विश्लेषण गरिन्छ, लगानीकर्ताले भविष्यको बारेमा उति नै राम्रो भविष्यवाणी गर्न सक्छन् र जोखिम व्यवस्थापन चुस्त दुरुस्त हुन सक्छ। यस्तै, मौद्रिक नीतिको सङ्ख्यात्मक अनुपात, अर्थात् वाक्यहरूको अनुपातमा सङ्ख्याको प्रयोग, सन् २००३ मा ०.११ रहेकोमा सन् २०२२ सम्म आइपुग्दा ०.१७ भएको छ। सङ्ख्यात्मक सामग्री धेरै भएका मौद्रिक नीतिहरू बुझ्न सजिला हुन्छन् भन्ने मान्यता स्थापित छ। यस अर्थमा, नेपालको मौद्रिक नीति सन्तुलित छ।

आर्थिक र वित्तीय दस्तावेजहरू विश्लेषण गर्न प्रयोग गरिने गनिङ फग सूचकाङ्कले हाम्रा मौद्रिक नीतिहरूको स्कोर १५.९६ बाट क्रमश: घट्दै हाल १२.१७ रहेको देखाउँछ। सो सूचकाङ्कका निर्माताका अनुसार पठनीयताको अङ्क सात अथवा आठ रहेका लेखहरू बुझाइमा सरल हुन्छन्, तर १२ भन्दा धेरै अङ्क आउने दस्तावेजहरूको बुझाइमा समस्या रहन्छ। जसको अर्थ, अङ्ग्रेजी भाषामा अनुवादित नेपालको मौद्रिक नीतिमा केही मात्रामा जटिल शब्दहरूको प्रयोग गरिने भएकाले पठनमा कठिनाइ हुने देखिएको छ। यद्यपि, यो सुधारोन्मुख देखिन्छ।

## निष्कर्ष

अन्त्यमा, सामाजिक सञ्जालहरूमा गलत सूचना, तोडमोड गरिएका सूचना र गलत उद्देश्यद्वारा सिर्जित सूचनाहरू व्याप्त रहेको आजको समयमा नेपाल राष्ट्र बैंकले आफ्नो विश्वासनीयतामा कहीँ कतैबाट प्रश्न चिह्न उठ्न नदिन आफ्ना प्रकाशनहरूको सञ्चार पक्षमाथि विशेष ध्यान दिइनुपर्दछ। अङ्ग्रेजी भाषामा प्रकाशित मौद्रिक नीतिका पाठहरूको भाषिक बनोटमा समयक्रमसँगै केही सुधार हुँदै गए तापनि अझ केही सुधार गर्ने ठाउँहरू रहेको अध्ययनले देखाउँछ। अङ्ग्रेजी भाषामा प्रकाशित मौद्रिक नीतिका अध्येताहरू दिनानुदिन बढ्दै गएको सन्दर्भमा बैंकले एक विज्ञहरू सम्मिलित सञ्चार टोली गठन गरेर नीतिहरूको भाषिक संरचनाको मूल्याङ्कन गर्नु उपयुक्त हुने देखिन्छ। ■

## Major Financial Indicators

as on Asoj End, 2081 (Mid-Oct, 2024)

| | | Class "A" | Class "B" | Class "C" | Overall |
|---|---|---|---|---|---|
| **A. Credit, Deposit Ratios (%)** | | | | | |
| 1 | Total Deposit/GDP | 103.87 | 10.57 | 2.34 | 116.78 |
| 2 | Total Credit/GDP | 82.07 | 8.97 | 1.80 | 92.84 |
| 3 | Total Credit/ Total Deposit** | 79.01 | 84.86 | 76.80 | 79.50 |
| 4 | CD Ratio* | 77.87 | 83.88 | 75.21 | 78.36 |
| 5 | Fixed Deposit/Total Deposit | 53.95 | 56.47 | 69.27 | 54.49 |
| 6 | Saving Deposit/Total Deposit | 32.53 | 34.23 | 21.20 | 32.46 |
| 7 | Current Deposit/Total Deposit | 5.99 | 1.95 | 1.26 | 5.53 |
| 8 | Call Deposit/Total Deposit | 6.77 | 7.31 | 7.56 | 6.83 |
| 9 | NPL/ Total Loan^ | 4.28 | 4.37 | 10.84 | 4.42 |
| 10 | Total LLP /Total Loan | 4.52 | 4.20 | 9.34 | 4.58 |
| 11 | Deprived Sector Loan/Total Loan $^ | 5.98 | 7.76 | 7.19 | 6.17 |
| **B. Liquidity Ratios (%)** | | | | | |
| 1 | Cash & Bank Balance/Total Deposit | 7.20 | 5.94 | 7.74 | 7.09 |
| 2 | Investment in Gov. Securities/Total Deposit | 17.80 | 15.79 | 15.20 | 17.57 |
| 3 | Total Liquid Assets/Total Deposit | 25.80 | 24.30 | 30.66 | 25.76 |
| **C. Capital Adequacy Ratios (%)** | | | | | |
| 1 | Core Capital/RWA | 9.99 | 10.59 | 12.10 | 10.08 |
| 2 | Total Capital/RWA | 12.87 | 13.53 | 14.55 | 12.95 |
| **D. Financial Access** | | | | | |
| 1 | No. of institutions | 20 | 17 | 17 | 54 |
| 2 | No. of Branches | 5,062 | 1,137 | 289 | 6,488 |
| 3 | No. of Deposit Accounts | 48,836,432 | 7,224,891 | 914,035 | 56,975,358 |
| 4 | No.of Loan Accounts | 1,587,391 | 281,196 | 43,647 | 1,912,234 |
| 5 | No. of Branchless Banking Centers | 1,083 | 17 | - | 1,100 |
| 6 | No. of Branchless Banking Customers | 299,421 | 1,679 | - | 301,100 |
| 7 | No. of Mobile Banking Customers | 21,867,428 | 3,395,421 | 261,340 | 25,524,189 |
| 8 | No. of Internet Banking Customers | 1,416,159 | 593,859 | 16,506 | 2,026,524 |
| 9 | No. of ATMs | 4,831 | 348 | 41 | 5,220 |
| 10 | No. of Debit Cards | 11,968,637 | 1,125,203 | 67,619 | 13,161,459 |
| 11 | No. of Credit Cards | 294,901 | 1,963 | - | 296,864 |
| 12 | No. of Prepaid Cards | 198,597 | 2,704 | - | 201,301 |
| **E. Interest Rate(%)** | | | | | |
| **1** | **Wt. Avg Interest Rate on Deposit** | **5.24** | | | |
| | (a) Saving | 3.32 | | | |
| | (b) Fixed | 7.43 | | | |
| | (c) Call | 1.67 | | | |
| **2** | **Wt. Avg Interest Rate on Credit** | **9.33** | | | |

**Note:**

Bank balance includes money at call

Nominal GDP for 2023/24(P) stands at Rs. 5,704,844 million (Source:https://nsonepal.gov.np/detail/post/11023)

Negative core capital has been excluded in calculation of Capital Adequacy Ratios

Number of branches include head office, banking branches and extention counters

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Ashwin end of FY2080/81 (2023/24)

*CD Ratio =

$$\frac{Total\ Credit}{Total\ Deposit + Debentures\ not\ designated\ for\ capital\ fund + NRB\ Refiance\ loan + FCY\ loan\ more\ than\ or\ equal\ to\ 1\ year - Interbank\ Deposit}$$

**Total Credit / Total Deposit = $\frac{Total\ Credit}{Total\ Deposit}$ (As per balance sheet)

# केन्द्रद्वारा भुक्तानी प्रणालीसम्बन्धी तालिम सम्पन्न




बैंकर्स प्रशिक्षण केन्द्रले २०८१ कात्तिक ११ देखि १३ सम्म 'Payment and Settlement System of Nepal' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो। ८ वटा सत्रमा सञ्चालित तालिममा भुक्तानी प्रणालीको परिचय, सोसम्बन्धी कानुनी र नियामकीय व्यवस्था, भुक्तानी प्रणालीका नवीनतम विधि, ठुला र साना परिमाणको भुक्तानीका उपकरण र साइबर सुरक्षा, सुपरिवेक्षकीय व्यवस्था, भुक्तानी प्रणालीका पूर्वाधारलगायतका विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो। तालिममा काठमाडौंस्थित विभाग/कार्यालयका अधिकृत र सहायक स्तरका ३१ जना कर्मचारीको सहभागिता थियो। ■



## प्रधान सहायक बस्नेतको निधन

वित्त व्यवस्थापन विभागमा कार्यरत प्रधान सहायक पूर्णमाया बस्नेतको गत कात्तिक १८ गते असामयिक निधन भएको छ। २०५० फागुन २ गते जन्मनुभएका बस्नेत २०७५/१०/१८ मा बैंक सेवामा प्रवेश गर्नुभएको थियो। *नेपाल राष्ट्र बैंक समाचार* बस्नेतको निधनप्रति गहिरो दुःख प्रकट गर्दै उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछ। ■

## अवकाश

भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक विनोदराज आचार्यले २०८१ कात्तिक २४ देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ। यसै गरी टक्सार महाशाखाका उप-निर्देशक (मेकानिकल) गुञ्जनकुमार श्रेष्ठ कात्तिक १, वित्तीय संस्था सुपरिवेक्षण विभागका उप-निर्देशक ईश्वरकुमार कटुवाल कात्तिक ४ र लघुवित्त संस्था सुपरिवेक्षण विभागका उप-निर्देशक कृष्णबहादुर श्रेष्ठ कात्तिक १८ देखि अवकाश हुनुभएको छ। उहाँहरूले ५८ वर्ष उमेरहदका आधारमा अवकाश पाउनुभएको जानकारी मानव संशाधन व्यवस्थापन विभागले दिएको छ। *नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ। ■

*प्रकाशक*

**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**

**सूचना तथा सञ्चार महाशाखा**

बालुवाटार, काठमाडौं, फोन : ५७१९६४१/४२, Ext.: २१३९/२१४०

इमेल : samachar@nrb.org.np,

वेबसाइट : www.nrb.org.np

*सम्पादक*

**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*

सविन ओली

लालकुमार सुवेदी

नवीना ताम्राकार

*ले-आउट*

संजीव दाहाल